लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## २०७९

## लेकम गाउँपालिका

## दार्चुला

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# लेकम गाउँपालिका लैससास रणनीति २०७९

## पृष्ठभूमि वा परिचयः

नेपालमा लैगिंक समानता तथा समाजिक समावेशीकरणको (लैससास) सवालले महिला विरुद्ध हुने सवै प्रकारको हिंसा अन्त्यको लागि महासन्धि १९७९ को नेपल पक्ष राष्ट्र भएको, नेपालको संविधानले मात्र लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि अधिकारलाई पूर्ण रुपमा संविधानमा प्रस्तावना देखि लिएर संविधानको भाग ३ को मौलिक अधिकारको रुपमा सुनिश्चीत गरिएको छ । महिलालाई समान वंशिय अधिकार ,सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धि अधिकार , राज्यका सवै तहमा सहभागि हुने अधिकार सम्पत्ति तथा पारिवारिक मामिला सम्वन्धी अधिकार, शिक्षा, स्वास्थ्य ,रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरिएको छ । जस्तै नेपालको संविधान २०७२ मा छुवाछुत तथा भेदभाव विरुद्ध को हक - धारा(२४) महिलाको हक - धारा (३८)दलितको हक - धारा (४०) सामाजिक न्यायको हक - धारा (४२) जसको परिणाम स्वरुप थारु आयोग , महिला, दलित, मुस्लीम ,जनजाती आयोग र अपाँगता एवं बाल अधिकार सम्वन्धि अधिकारहरु स्थापित भएका छन् । त्यसैगरि सामाजिक सुरक्षाको हक (धारा४३) ले विशेष अवस्था र परिस्थितिले पछाडी पारिएका नागरिकको सहभागिता र शसक्तिकरणको लागि विशेष व्यवस्था गरेको छ । त्यसै गरि धारा ५१ को खण्ड (ञ) ले सामाजिक न्याय र समावेशीकरण नीति लगायतका १४ वटा विभिन्न महत्वपुर्ण नीतिहरु तय गरि कार्यान्वयनको प्रत्याभूति दिएको छ ।

नीतिगत रुपमा संघियता पछि स्थानीय स्तरमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सशक्त रुपमा स्थापित गर्नको लागि स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको काम कर्तव्य अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशिकरण ( लैससास) सम्वन्धी व्यवस्था गरेको छ । स्थानीय सरकारद्धारा संचालन हुने नीति, योजना बजेट कार्यक्रम तथा सेवा प्रवाहलाई लैगिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन संवैधानिक एवं कानूनी दायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रर्वद्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न लैससास सम्वन्धि रणनीति २०७९ तयार गरिएको छ ।

### १.लेकम गाँउपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारको राज्य पुनरसंरचना पश्चात यस दार्चुला जिल्लामा विभिन्न नौ वटा स्थानिय तहहरु रहेका छन् । यस जिल्लामा रहेका ९ वटा स्थानीय तहहरुमा दुई वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरु मध्ये दार्चुला जिल्लाको **लेकम** गाउँपालिका विकासका हिसावलै पछाडी नै छ । यो गाउँपालिका जिल्ला सदरमुकाम खलंगा

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

देखि ४० किलोमिटर पूर्व उत्तरमा अवस्थित छ । भौगोलिक रुपमा **लेकम** गाउँपालिका समुद्री सतहको ७०० मिटर देखि १३८५ मिटर उचाईमा रहेको यस गाउँपालिकामा न्यानो समशितोष्ण हावापानी पाइन्छ । ८३.९८वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको पूर्वमा बैतडी जिल्ला पश्चिममा मालिकार्जुन गाउँपालिका उत्तरमा शैल्यशिखर नगरपालिका र दक्षिणमा महाकाली नदिले भारतसंग सिमाना जोडिएको छ ।

यस गाउँपालिकाले हालसम्म निर्माण गरेका कानून, नीति, निर्देशिका तथा कार्यविधिहरुको अध्ययन तथा विश्लेषण गर्दा सामाजिक विकास निर्माण प्रक्रियामा महिला पुरुषको समान पहुँच सहभागितामा दिगो विकास संम्भव हुने भएकोले लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गर्न आवश्यक देखिन्छ ।

**२. विगतका व्यवस्था प्रयास र वर्तमान स्थिती :( संविधान सरकारी नीतिहरु राजनैतिक नियमावली** )

लेकम गाउँपालिकामा स्थानीय सरकारको रुपमा गाउँपालिकाको कार्यालय, राज्यका अन्य स्थानीय सरकारका विभिन्न विषयगत शाखाहरु (स्वास्थ्य शाखा, शिक्षा शाखा, कृषि शाखा, पशु सेवा शाखा, लघुउद्यम शाखा, शहिला तथा बालबालिका शखा)लगायतका शाखाहरुबाट सेवा प्रवाह गरिरहेको छ । लक्षित वर्ग सशक्तिकरण, स्थानीय शासन, लघु उद्यम, गरिवी निवारण, महिला शसक्तिकरण, आधुनिक कृषि प्रणाली लक्षित कार्यक्रम जस्ता विभिन्न विषयगत क्षेत्रमा विकासका साझेदार निकायहरुले आ-आफ्नो क्षेत्रमा काम गरिरहेका छन् । यसका साथै गाउँपालिकामा विभिन्न आमा समुह, सहकारी संस्था, कृषक समुह, बालक्लब युवाक्लब जस्ता संघ सस्थाहरुले पनि सेवा प्रवाह गरिरहेका छन् । स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधी , स्थानीय समुदाय र राजनितिक दलको संयुक्त तथा समन्वयात्मक प्रयासले गाउँपालिकाको योजना तर्जूमा देखि हरेक विकास निर्माणका क्रियाकलापहरु लगायत महत्वपुर्ण निर्णयहरु गर्दा छलफल र सामुहिक तरिकाले गर्ने गरेको देखिन्छ ।

**(आर्थिक रोजगारको अवसर** )

यस लेकम गाँउपालिका आर्थिक स्रोतको हिसावले अति विकट रहेको छ भने अधिकाँश युवा जनशक्ती रोजगारीका लागि जिल्ला सदरमुकाम र नजिकको छिमेकी देश भारतमा जाने गरेको पाईन्छ । कुनै पनि सिप विकासका लागि दक्ष जनशक्तीको अभाव रहेको पाईन्छ । सिंचाइ विस्तार कार्यक्रम, कृषि सामग्रीको खरीद तथा वितरण, धार्मिक पर्यटन प्रवर्द्धन कार्यक्रम, सामुहिक फलफूल खेति, लघु उद्यमशिलता तथा सीपमूलक कार्यक्रम जस्ता मुख्य कार्यक्रम तथा आयोजनाहरु सञ्चालनका लागि राम्रो सम्भावना रहेको छ । यस गाउँपालिकामा

कूल २५१४ घरधुरी तथा १६६७८ जनसंख्या रहेको यस गाउँपालिकामा ४९.२५ प्रतिशत महिला जनसंख्या तथा ७ प्रतिशत घरधुरी महिलाले नेतृत्व गरेकाछन् । सामाजिक तथा जातीगत विविधता भएको । जेष्ठ नागरिक एकल

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

महिला-२०४, जेष्ठ नागरिक -१०११ र अपाङ्ग-१६९ जना रहेको यस गाउँपालिकाको गाउँपालिकाको अधिकांश जनसंख्याले स्थानीय भाषा डोटेली र भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने गरेको देखिन्छ । जनसंख्याको पेशागत वर्गिकरण गर्दा यस गाउँपालिकामा सबै भन्दा बढी कृषि तथा पशुपालन गर्नेहरुको बाहुल्यता रहेको छ भने यहाँका नागरिकहरुले नोकरी तथा जागीर, व्यापार, ज्याला मजदुरी, वैदेशिक रोजगारीलाई व्यवसायिक हिसावले अंगालेको पाइन्छ । कृषि, लघुउद्यम तथा पर्यटन विकासको राम्रो संभावना भएको तर अभ्यास नभएको यस गाउँपालिकाका मानिसहरुको आफ्नै साँस्कृतिक तथा मौलिकता रहेको छ । हिन्दु धर्मको बाहुल्यता रहेको पाईन्छ ।

**३. लैससास सम्वन्धमा प्रमुख रुपमा देखिएका मुख्य सवालहरु , सरोकाकारवाला, सवलपक्ष ,सुधार गर्नुपर्ने पक्ष, चुनौती, र अवसरहरु**

**सरोकारवालाहरुको पहिचान**

लैससास नीति निर्माण तथा व्यवहारीक रुपमा कार्यान्वयनका लागि सहयोग तथा सवाल समाधानका लागि सहयोगी निकायहरुलाई पहिचान गर्नुपर्ने हुन्छ । लेकम गाउँपालिकाका सरोकारवाला निकाय यस प्रकार रहेका छन ।

- कार्यपालिकाका पदाधिकारीहरु
- न्यायिक समिति
- ईलाका प्रहरी कार्यालय
- महिला प्रहरी सेल
- राष्ट्रिय तथा अन्तराष्ट्रीय गैससहरु
- धामी झांक्रि,पुजारी
- विभिन्न उपभोक्ता समिति
- स्थानीय समाजसेवी
- बाल क्लव,युवा क्लव
- महिला अधिकार मंच
- महिला विकास शाखा
- राजनैतिक दल

राम दत्त जोशी
गा.पा.अध्यक्ष

- बाल सरक्षण समितिहरु

**लैससास सम्वन्धी सवालहरु :**

**यस** लेकम **गाँउपालिकामा लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि सवालहरु तपसिल बमोजिम रहेका छन ।**

- परम्परागत कुरीतीहरु र रिती तथा रिवाजहरु -धामी झाक्री
- घरेलु हिंसा
- बाल विवाह
- छुवाछुत
- छाउपडी प्रथा
- स्रोत तथा सम्पतीमा स्वामित्व
- छोरा छोरीमा विभेद गर्ने चलन
- छोरी र बुहारीमा विभेद
- बहु विवाह

लेकम **गाँउपालिकाको SWOT विश्लेषण**

| विषय क्षेत्र | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | चुनौतीहरु | अवसर |
|---|---|---|---|---|
| नीति कानून योजना | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको ।<br>• उपभोक्ता समितिको मुख्य पदमा महिलालाई प्राथमिकता | • लैससास नीति नहुनु<br>• बनेका नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन नभएका | • नाम मात्रको सहभागिता र अर्थपूर्ण सहभागिताको कमिका कारण लैससासका लाभान्वीत वर्गलाई सेवा लिनमा समस्या<br>• विनियोजित बजेट निर्धारित उद्देश्य | • पालिका,प्रदेश संघ ले लैससास सम्वन्धि रणनिति तयार गर्ने व्यवस्था भएको ।<br>• नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धी नीति तयार गर्न स्थानीय |

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
राताामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | • महिला, बालबालिका, जेष्ठ नागरिक,अपाँगहरुका लागि बजेट विनियोजन भएको | | अनुसार कार्यान्वयन समस्या । | सरकारलाई जिम्मेवारी दिएको । |
| संस्थागत व्यवस्था | • महिला तथा बालबालिका शाखाको स्थापना भएको <br> • शाखामा स्थायी जनशक्ति भएको <br> • न्यायीक समिति स्थापना भएको | • थप कर्मचारीको व्यवस्थापन गर्नुपर्ने | लैससास समिति निर्माण नहुन, <br> न्यायीक समिति सक्रिय नहुनु | • पालिकाको समग्र सामाजिक विकास लैससास नीति अनुरुप हुनुपर्नेमा सवैको जोड रहेको । <br> • नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धी नीति तयार गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको । |
| मानव संशाधन तथा क्षमता विकास | • यस पालिका भएको जनशक्ती अनुभव प्राप्त कर्मचारी तथा जनप्रतिनिधि भएको <br> • सिमित दक्ष कर्मचारी हुनु <br> • न्यायीक समितिको स्थापना | • आवश्यकता अनुसार दक्ष कर्मचारीको व्यवस्थापन नभएको। <br> • न्यायी समितिले सक्रिय रुपमा काम कारवाही अगाडी नबढाउनु | • दक्ष जनशक्तीको अभाव,तथा व्यवस्थापन गर्न नसक्नु | • दक्ष जनशक्तीको लागि आर्थिक स्रोत प्रयाप्त हुनु <br> • क्षमताका विकासका लागि प्रयाप्त अवसर , प्रावधान रहेको । |
| सेवा प्रवाह | • समान कामको समान ज्याला <br> • विभिन्न सहयोगी संस्था रहेको तथा | • कार्यविधि तयार गरि नीतिगत रुपमा पहल हुनुपर्ने ( समानकाम को समान ज्याला ) | • विधिवत रुपमा वनेका नीति तथा कार्य विधिहरुलाई कार्यान्वयनमा जोड दिन नसक्नु | • PLGSP, नेपाल सहयोगी निकायले लैससास सम्वन्धी नीति तथा योजना निर्माणमा सहयोगी भुमिका निर्वाह। <br> • सेवा प्रवाहका लागि प्रयाप्त |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | सरोकारवाला निकाय रहेका | • थप सहयोगी निकायलाई कामगर्ने वातावरण सृजनामा जोड दिनुपर्ने<br>• विनियोजित योजनाको उद्देश्य अनुसार कार्यान्वयन नभएका | • अधिक भूगोलमा भौगोलिक विकटता | समय, साधन स्रोत ,पद्धती स्थापना गर्न सजिलो अवस्था सृजना भएको । |
| सुशासन तथा उत्तरदायित्व | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको<br>• महिला, बालबालिका, जेष्ट नागरिक,अपाँगहरु का लागि बजेट विनियोजन भएको | सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता नभएको । | • लैससासको दृष्टीकोणबाट बजेट विनियोजन भएता पनि कार्यान्वयन पद्धतिम प्रक्रियागत ढिलाई । | • दिगोविकास लक्ष्यले लैससासलाई प्रमुख मुद्धाको रुपमा अवलम्वन गरेको । |

## ४. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

लेकम गाउँपालिकामा विभिन्न जातजाती ,वर्ग सम्प्रदाय र साँस्कृतिक पहिचान संगै नेपालको संविधान अनुसार वर्गिय जातिय ,क्षेत्रीय ,आर्थिक, धार्मिक विभेद र सबै प्रकारका विभेद जातिय छुवाछुतको अन्त्यगरि आर्थिक सामाजिक रुपमा सम्वृद्ध समाज निर्माण गर्ने सामानुपातिक सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्नुका साथै नेपालको संविधान २०७२ द्धारा प्रदत्त मौलिकहरुमा महिला, बालबालिका, जेष्ठ नागरिक र सामाजिक र आर्थिक रुपमा पछाडि पारिएका वर्गहरुका हकको सुनिश्चता गर्नुपर्ने नेपालको कानून र स्थानीय सरकारको दायित्व भित्र पर्दछ । त्यसैले लेकम गाँउपालिकामा लैससास नीति ,सेवा प्रवाह, विकास निर्माण लगायतका कार्यक्रमहरुमा लैससासलाई मुलप्रवाहिकरण गरि सिमान्तकृत समुदायलाई विकासको मुलधारमा

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

समाहित गर्नको लागि प्रादेशिक सुशासन केन्द्रको प्राविधिक  तथा आर्थिक सहयोगमा लेकम गाँउपालिकाले यो लैससास नीति २०७९ निर्माण गर्न लागेको हो ।

**५.दिर्घकालीन सोच (VISION)**

- समतामुलक तथा समृद्ध र विभेद रहित समाजको निर्माण

**६.लक्ष्य (GOAL)**

- सामाजिक तथा न्यायपूर्ण संस्थागत संरचना निर्माण र नीतिगत कार्यप्रणालीको अवलम्वन गरेर समतामुलक समृद्ध समाजको निर्माण गर्ने ।

**७.उद्देश्यः**

- यस लेकम गाँउपालिकामा पछाडी पारिएका वर्ग तथा सिमान्तकृत बर्ग ( महिला ,दलित, अल्पसंख्यक) तथा समुदायको क्षमता अभिबृद्धि गरि सशक्तीकरणको माध्यमबाट सम्पतीको अधिकारमा समान पहुच र नियन्त्रणमा सुनिश्चता गर्ने ।
- लैससासको अवधारणालाई संस्थागत गर्न लेकम गाँउपालिकामा स्पष्ट नीति ,कार्यक्रम ,तथा बजेटको सुनिश्चीतता गर्ने ।
- पालिकाका हरेक योजना तथा कार्यक्रमहरुलाई लैससासको अवधारणा अनुसार मुलप्रवाहिकरण गर्ने।

**८. लैससास नीतिका अपेक्षित उपलब्धीहरु**

- लेकम गाँउपालिका लैगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भएको हुने
- रणनीतिको आधारमा हरेक स्थानिय तहले आफ्नो वार्षिक कार्ययोजना अनुसार लैससास सम्वन्धि बजेट विनियोजन गरिनेछ ।
- लैससास मुलप्रवाहिकरण सम्वन्धी स्थानीय तहका जनप्रतिनिधि ,कर्मचारी र सरोकारवाला प्रतिनिधिहरुलाई अभिमुखिकरण भएको हुनेछ ।
- लैससास मुलप्रवाहिकरण रणनीति कार्यान्वयनका लागि वार्षिक बजेट विनियोजन भई वार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने ।
- स्थानीय सरकारको संस्थागत संरचना ,शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरुमा महिला तथा पछाडी परेका वर्ग समुदायहरुको सक्रिय तथा अर्थपुर्ण सहभागिता बृद्धि भई लैंगिक तथा सामाजिक अन्तर विभेद र वहिष्करणको अन्त्य भएको हुने ।

**९.नीतिः**

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

१.पालिकास्तरमा लक्षित समुदायको योजना तर्जुमा प्रक्रिया लैससास माध्यमबाट मुलप्रवाहिकरण गर्न सक्रिय सहभागिता सुनिश्चीत गर्ने ।

२.लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्र तयार गर्ने ।

३. श्रोत साधनको उपभोग ,नियन्त्रणमा लक्षित बर्गको पहुँचमा सुनिश्चीत गर्ने ।

**१०.रणनीतिः**

१.लक्षित वर्गको क्षमता विकासमा जोड
२ सहभागितात्मक योजना तर्जुमा जोड
३.लैससासको संस्थागत संरचना निर्माणमा जोड
४.बनाएको लैससास नीतिको समय समयमा अध्यावधिक तथा समिक्षाका आधारमा कार्यान्वयन मा जोड
५. न्यायीक समितिको क्षमताविकासमा जोड ।

| **विषय क्षेत्र** | **उद्देश्य** | **नीति** | **रणनीति** | **कार्यनीति** |
|---|---|---|---|---|
| **नीति ,कानून योजना** | पलिकाको हरेक योजना तथा कार्यक्रमहरुलाई लैससासको अवधारणा अनुसार मुलप्रवाहिकरण गर्ने । | • लैससास मैत्री नीति बनाउनको जोड दिने ।<br>• पालिकाको नीति व्यवस्था कार्यक्रम तथा बजेट लैससास उतारदायी बनाउने | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम पछाडी पारिएकाहरुको सक्रिय सहभागितामा सुनिस्चित गर्ने ।<br><br>योजना तर्जुमा प्रक्रियामा लक्षितबर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने। | • लैससास मैत्री नीति बनाउनको लागि भएका नीतिहरुको बिस्लेषण र समिक्षा गर्ने उक्त लैससास लक्षितवर्गमा अभिमुखिकरण अभियानहरु चलाउने र वार्षिक रुपमा समिक्षाकार्यक्रम संचालन गर्ने<br>❖ लैससास नीतिनिर्माणका लागि अनुशिक्षण गोष्ठी<br>❖ लैससास नीतिनिर्माण तथा |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीयस्तरको योजना तर्जुमा गर्दा टोल स्तरबाट नै लक्षित समुदायलाई अर्थपूर्ण सहभागिता गराइने छ | अनुमोदन<br>❖ लैससासको समुदाय स्तरमाअभिमुखिकरण अभियान संचालन गर्ने।<br>❖ न्यायीक समितिमा आएका लैससास संग सम्वन्धित घटनाहरुको दर्ता प्रक्रिया र सुनुवाईको अध्ययन र शंसोधन गर्ने<br>❖ वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व हरेक समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल ( सुभाःव संकलन र विश्लेषण) गर्ने । |
| संस्थागत व्यवस्था | लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्रतयार गर्ने । | लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्रतयार गर्ने । | • स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्ने<br>• स्थानीय तहका | • दलित, पीडित महिला ,अतिविपन्नवर्गको तथ्याँक संकलन तथा अध्यावधिक गर्ने ।<br>• लक्षितवर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने । |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्वको सुनिस्चित गर्ने<br>• आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था आवश्यकता अनुसार कार्यक्रम तर्जुमाको सुनिस्चतता गर्ने | • प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षितवर्गको समुह निर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने ।<br>• सम्पन्ता स्तरिकरण गरि श्रमिक र सिमान्तकृत वर्गहरुका लागि लैससासको अवधारणालाई आत्मसाथगर्दै पेशामा आधारित व्यवसायहरु संचालन गर्नपालिकामा बजेट र कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गर्ने।<br>• टोलविकास संस्था गठन तथा परिचालन गरी बस्तीस्तरको योजना छनौटमा लक्षित समुदायको सहभागिता बृद्धि गर्ने।<br>• बस्तीस्तरका योजनाहरुको छनौट पछि तिनिहरुको प्राथमिकीकरण अतिआवश्यक योजना पालिकामा अनुमोदनका लागि पठाउने।<br>• योजनाको कार्यान्वयन चरणमा लक्षित समुदायको प्रत्यक्ष |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | | सहभागिता गरि उपभोक्ता समिति गठन गरि कार्यान्वयन गर्ने ।<br>• वेलाबेलामा कामको गुणस्तर मापन गर्ने योजनाको निरन्तर अनुगमन गर्ने।<br>• योजनाको गुणस्तर मापन र समयमै कार्य सम्पादनमा गर्ने कार्यमा जोड दिने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन गर्ने।<br>• समुदाय स्तरका सम्पुर्ण समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजनानिर्माण गरि कार्यान्वयन गर्ने। |
| **मानव संसाधन तथा क्षमता** | लक्षितवर्ग र कर्मचारीको क्षमता विकासमा गर्ने | लक्षितवर्ग र कर्मचारीको क्षमता विकासमा जोड दिन | • लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकासको लागि रकम खर्च गर्ने कार्यविधि स्वीकृत गर्ने<br>• महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने | • दलित, पीडित महिला ,अति विपन्नवर्गको तथ्याँक संकलन तथा अध्यावधिक गर्ने ।<br>• लक्षितवर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने । |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| विकास | | | कार्यक्रमका लागि बजेट विनियोजनको सुनिस्चित गर्ने | • प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षितवर्गको समुह निर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने।<br>• सम्पन्ता स्तरिकरण गरि श्रमिक र सिमान्तकृत वर्गहरुका लागि लैससासको अवधारणालाई आत्मसाथ गर्दै पेशामा आधारित व्यवसायहरु संचालन गर्न पालिकामा बजेट र कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गर्ने।<br>• कार्यस्थलमा हुने यौन हिंशाको आचार संहिता लागु गर्ने |
| सेवा प्रवाह | **लक्षित वर्गहरुको सेवा सुविधा चुस्त दुरुस्त रुपमा प्रवाह गर्ने** | **निरन्तर सेवा प्रवाहमा जोड** | **लैससासको माध्ययम बाट लक्षित वर्गको सक्रिय सहभागितामा शसक्तिकरणमा जोड** | • प्राप्त तथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्त लक्षित वर्गको समुह निर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने।<br>• लैससास समितिलाई आफ्नो भुमिकाको विषयमा जानकारी गर्ने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्ने।<br>• समुदाय स्तरका सम्पुर्ण समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजना निर्माण गरि कार्यान्वयन गर्ने। |
| सुशासन तथा उत्तरदायित्व | **सेवा प्रदायकले दिने सेवा र लाभान्वीत वर्गले लिने सेवा लाई जफावदेहिता र निस्वार्थ ढंगबाट संचालन गर्ने** | **पारदर्शिता र जफावदेहिता मा जोड** | **अधिकार र कर्तव्यको विषयमा जोड दिदै साधनस्रोत परिचालनगर्ने क्षेत्रमा जोड दिने** | • वडा र पालिकामा लैससास समिति गठन तथा परिचालन गर्ने।<br>• उक्त लैससास समितिलाई आफ्नो भुमिकाको विषयमा जानकारी गर्ने ।<br>• पालिकाको लैससास नीति तयार गर्ने<br>• उक्त लैससास नीतिको कार्यान्वयका लागि लक्षित वर्गमा अभिमुखिकरण अभियानहरु चलाउने र वार्षिक रुपमा समिक्षा कार्यक्रम संचालन गर्ने।<br>• आवश्यकता अनुसार न्यायीक समिति र लैससास समुहहरुका विच अन्तक्रियात्मक छलफल तथा बहसहरु चलाउने ।<br>• न्यायीक समितिमा दर्ता भएका लैससास संग सम्वन्धीत मुद्धा तथा सवालहरुको समिक्षा गर्दै लैससास नीतिलाई शंसोधन गर्ने। |
| अनुगमन र मुल्याङकन | **लैससास नीति अनुसार कार्यक्रमलाई अगाडी बढाउने ।** | **योजनाको निरन्तर कार्यक्रमको** | **राम्रो गर्नेलाई पुरस्कार र गलत गर्नेलाई दण्ड गर्ने प्रणालीको अनुसरणमा** | • वेला बेलामा कामको गुणस्तर मापन गर्ने योजनाको निरन्तर अनुगमन गर्ने। |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | अनुगमन तथा मुल्याकंनमा जोड | जोड। | • योजनाको गुणस्तर मापन र समयमै कार्य सम्पादनमा गर्ने कार्यमा जोड दिने । |

**११.लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना**

| कार्यनितिक क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवाला निकाय | आर्थिक स्रोत | समय सिमा |
|---|---|---|---|---|
| कार्यस्थलमा हुने दुर्बयहार र यौन हिंसाको आचार संहिता लागु गर्ने<br>बालबालिका तथा अपांगता सम्बधि नीति निर्माण गरि लागु गर्ने | लेकम गाउँपालिका | कार्यपालिका, सामजिक विकास शाखा | स्थानीय सरकार | आचार सहिता अनुमोदन भएको दिन देखि |
| लक्षित बर्गलाई योजना तथा कार्यक्रममा सहभागिताको महत्व को बारेमा अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने | लेकम गाउँपालिका | सामजिक विकास शाखा, योजना शाखा | स्थानीय सरकार | योजना छनौटको पहिलो चरणमा(बस्ति तथा टोल भेलाको समयमा |

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| हरेक वडामा तहमा बाल स्याहार केन्द्र र जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण गर्ने | लेकम गाउँपालिका | कार्यपालिका, सामजिक विकास शाखा,योजना शाखा | स्थानीय सरकार | लैससास नीति अनुमोदन पश्चातको पहिलो आ व भित्रै |
| पालिका तहमा कार्यालय कक्षमा स्तनपान कक्षको व्यवस्था गर्ने | लेकम गाउँपालिका | कार्यपालिका, सामजिक विकास शाखा,योजना शाखा | स्थानीय सरकार | लैससास नीति अनुमोदन पश्चातको पहिलो आ व भित्रै |
| विद्यालय भवन निर्माण गर्दा अपाँगमैत्री महिला मैत्री बनाउने | लेकम गाउँपालिका | कार्यपालिका, सामजिक विकास शाखा,योजना शाखा | स्थानीय सरकार,प्रदेश सरकार,सघीय सरकार | लैससास नीति अनुमोदन भएकै दिन देखि |
| महिलाहरुलाई हरेक योजना तर्जुमा गर्दा अनिबार्य निर्णयक भूमिकामा सामबेश गर्ने | लेकम गाउँपालिका | गाउँकार्यपालिकाको कार्यालय | स्थानीय सरकार | लैससास नीति अनुमोदन भएकै दिन देखि |
| स्थानीय श्रोत साधनको पहिचान गरि महिलाहरुलाई उद्ध्मी उत्पादन गर्ने तालिमको ब्यबस्था गर्ने | लेकम गाउँपालिका | कार्यपालिका, उद्यम विकास शाखा,सामजिक विकास शाखा,योजना शाखा | स्थानीय सरकार | लैससास नीति अनुमोदन पश्चातको पहिलो आ व भित्रै |
| पुर्बाधारका काम गर्दा महिलालाई प्रथामिकता दिने | लेकम गाउँपालिका | कार्यपालिका,योजना शाखा | स्थानीय सरकार | लैससास नीति अनुमोदन पश्चातको पहिलो आ व भित्रै |

## १२.जोखिम विश्लेषण

| सम्भावित जोखिम | जोखिम न्युनीकरणका उपाय |
|---|---|

राम दत्त जोशी
गा.पा.अध्यक्ष

| | |
|---|---|
| लैससास नीति तयारीकालागि आवश्यक सुचना संकलनमा भौगोलिक बिकटताको कारण अवरोध हुनसक्ने | स्थानीय जनशक्ती परचालन गर्ने |
| तयार तथा पारित भएको लैससास नीति कार्यान्वयन हुन ढिलाईहुन सक्छ | चुस्त दुरुस्त कार्ययोजना तयार गरेर अगाडी वढ्ने |
| यस नीतिमा लक्षित वर्गका सवै सवाल सम्वोधन गर्नका लागि प्रयाप्त बजेट नहुन सक्छ | सहयोगी निकाय वा सरोकारवाला निकायसंग निरन्तर छलफल तथा समन्वय क्षेत्रलाई व्यापक रुपम संचालन गरी बजेटको व्यवस्थापनमा जोड दिने |
| सहयोगी निकायको सहयोग प्रयाप्त मात्रामा नहुन सक्छ | समन्वय सहकार्यमा जोड दिने |
| लैससासका सवै लाभान्वीत वगहरु समेट्न कठिनाई | सामुहिक छलफललाई प्राथमिकता दिने |

१३. लेकम गाउँपालिका **गाँउपालिकाको लैगिक समानता तथा सामाजिक सामवेशीकरण नीतिको कार्यान्वयन समिति**

**अनुसुची १**

**कार्यदलको नामावली**

| क.स. | नम | जिम्मेवारी | पद | समर्म्क नं. |
|---|---|---|---|---|
| १ | **श्री माधवी जोशी** | **संयोजक** | उपाध्यक्ष | |
| २ | नारायण दत्त भट्ट | **सदस्य** | **प्रमुख प्रशासकीय अधिकृत** | |
| ३ | सिता गुरुङ | **सदस्य** | **स्वास्थ्य संयोजक** | |
| ४ | केशव राज ओझा | **सदस्य** | **शिक्षा शाखा प्रमुख** | |
| ५ | तर्कराज विष्ट | **सदस्य** | सू.प्र.अ. | ९८४८७६१२७४ |
| ६ | इश्वर प्रसाद पन्त | सदस्य | ना सु | |
| ७ | पुरन सिह बगाल | **सदस्य सचिव** | **महिला बालबालिका शाखा प्रमुख** | सदस्य सचिव |

`

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा. अध्यक्ष